अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# व्याँस गाउँपालिका राजपत्र

खण्ड: १ संख्या: ७ मिति: २०७५/०१/३०

भाग-१

## व्याँस गाउँपालिकाको प्रशासनिककार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**गाउँ सभाबाट प्रमाणीकरण मिति :**२०७५/१/३१

**प्रस्तावना:**नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीय तहलाई तोकिएकोअधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासनिककार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा १०२ को उपदफा (१) बमोजिमव्याँस गाउँपालिकाको गाउँसभालेयो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम "व्याँस गाउँपालिकाको प्रशासनिक कार्यविधि ( नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन व्याँसगाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले व्याँस गाउँपालिकाको प्रशासनिककार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

दिलिप सिंह बुढाथोकी
ब्याँस गा .पा (अध्यक्ष)

(ख)   “कार्यपालिका” भन्नाले व्याँस गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग)   “गाउँपालिका” भन्नाले व्याँस गाउँपालिकासम्झनु पर्छ ।

(घ)   “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(च)   “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. नियम बनाउने अधिकार : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त व्याँस गाउँपालिका, गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ ।

४.निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही व्याँस गाउँपालिका, गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

आज्ञाले

राम दत्त जोशी

नि. प्रमुख प्रशासकिय अधिकृत

दिलिप सिंह बुढाथोकी
ब्याँस गा .पा (अध्यक्ष)